# स्थानीय सरकार
# गंगाजमुना गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, नेपाल

पत्र संख्या :०७७/७८
च.न.:

मिति २०७८/०२/०९

**आ.व. ०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धी सुझाव सल्लाह पेश गर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना ।**

यस गंगाजमुना गाउँपालिकाले विगतका आर्थिक वर्षहरुमा गाउँपालिका क्षेत्रभित्रका पाटी प्रतिनिधि, वुद्धिजीवि, समाजिक व्यक्तित्व, शिक्षक तथा गाउँपालिकामा कार्यरत संघसंस्था एवं विभिन्न टोल विकास समिति, कृषक समूह, व्यक्तिहरु लगायतवाट नीति, योजना तथा कार्यक्रम तर्जुमा सम्वन्धी सुझाव सल्लाह संकलन गरी सोको अनुसरण गर्दै आएको सन्दर्भमा विश्वभर महामारी तथा संक्रमणको रुपमा फैलिरहेको नोवेल कोरोना भाइरस (**COVID-19**) को दोश्रो भेरिएन्टको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले वन्दावन्दी (**Lockdown**) गरेको कारण वहुपक्षीय क्षेत्रमा असहज स्थिति पैदा भएको सर्वविदितै छ ।

तसर्थ साविकमा झैं यस वर्ष गाउँपालिकाले सरोकारवालाहरुको उपस्थितिमा प्रत्यक्ष रुपमा सुझाव सल्लाह संकलन गर्न असमर्थ रहेको हुँदा आगामी आ.व. ०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम र वजेट तर्जुमा सम्वन्धी यहाँहरुको अमूल्य सुझाव सल्लाह देहायका माध्यम मार्फत सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०७८/०२/२३ गतेसम्ममा पेश गर्नुहुन सरोकारवाला सवैमा हार्दिक अनुरोध गरिन्छ ।

सुझाव सल्लाह पेश गर्ने माध्यम :

- गाउँपालिकाको इमेल : **gangajamunamun@gmail.com**मार्फत पेश गर्न सकिनेछ वा
- सम्वन्धित वडा कार्यालयमा पेश गर्न सकिनेछ वा
- गाउँ कार्यपालिकाको कार्यलय, फुलखर्कमा पेश गर्न सकिनेछ ।
- सूचना प्रविधि अधिकृत श्री हेमन्त ढकाललाई सम्पर्क गरी सुझाव सल्लाह टिपाउन सकिनेछ । (सम्पर्क नं. ९८५१२०८९६५)

लक्ष्मण मैनाली
शाखा अधिकृत